# समकालीन भारतीय नेपाली कवितामा समय चेतना

- **सिबेन शर्मा**

नेपाली विभाग, उत्तर बङ्ग विश्वविद्यालय।

**सार-** प्रस्तुत शोध पत्रमा समकालीन भारतीय नेपाली कवितामा पाइने समयचेतनाको अध्ययन गरिएको छ। कवितामा समयचेतना शैली र भाव दुवैमा पाइन्छ। समकालीन भारतीय नेपाली कवितामा समयचेतना कुन रूपमा अर्थात् कसरी प्रकट भएको छ? त्यसैलाई देखाउने प्रयास यहाँ गरिएको छ। यहाँ राजेन्द्र भण्डारी, मनप्रसाद सुब्बा, वासुदेव पुलामी, विचन्द्र, रेमिका थापा, सुधीर छेत्री, वीणा हाङ्गखिम र राजु प्रधान 'हिमांशु'का कवितामा पाइने समयचेतनाबारे विश्लेषण गरिएको छ। अध्ययन विश्लेषणका निम्ति स्टिफन हकिङ, जेरार्द जेने, इन्द्रबहादुर राई, घनश्याम नेपाल, दिवाकर प्रधान र राजेश जोशीका विचारहरूलाई सैद्धान्तिक आधारका रूपमा ग्रहण गरिएको छ।

**बीज शब्द**– समयचेतना, समकालीन, इतिवृत्तात्मकता, समय-अवकास, पूर्वदीप्ति शैली, ऐतिहासिक समय, समयवाची निर्देशक, अनुक्रम, सेटिङ, छद्म समय, वस्तुगत सहप्रबन्धक।

## १ परिचय

कविता नेपाली साहित्यको सर्वाधिक सम्पन्न र विकसित विधा हो। विश्व परिवर्तनशील छ। सांसारिक परिवर्तनद्वारा साहित्य पनि प्रभावित भइरहन्छ। सांसारिक परिवर्तन एवम् वैश्विक उथलपुथलद्वारा प्रभावित भई त्यसैलाई आफ्नो अभिव्यक्तिको विषय बनाउने सन्दर्भमा कविता विधा अग्रणी रहेको देखिन्छ। भौगोलिक सीमाका आधारमा भारतबाट लेखिने समकालीन कविताहरू भारतीय नेपाली कविता हुन्।

समकालीन भारतीय नेपाली कविता पनि संसारको निरन्तर बद्लँदो स्थिति र घटनाद्वारा प्रभावित बनेको पाइन्छ। वर्तमान समयका विभिन्न घटना तथा विविध पक्षहरूलाई समकालीन कविहरूले आफ्ना कविताको विषय बनाई कलात्मक अभिव्यक्ति दिने प्रयास गरेको देखिन्छ। तथापि कवितामा कलात्मकताको निर्वाह कतिसम्म हुनसकेको छ? त्यो बेग्लै चर्चाको विषय हो। एक्काइसौँ शताब्दीको विश्व एवम् मानव समाज बहुलवादी चेतनाबाट प्रभावित देखिन्छ। समकालीन भारतीय नेपाली कविताले एक्काइसौँ शताब्दीमा व्याप्त बहुलतालाई नै आत्मसात गरेको छ। ग्राम्य जीवनको

चित्रण, राजनैतिक चेतना, आस्तित्विक चेत, पर्यावरण चेतना, राष्ट्रवाद, अन्तर्राष्ट्रिय सञ्चेतना, किनारीकृत कुराहरूको केन्द्राभिगमन, विज्ञान चेतना, समयचेतना आदि समकालीन भारतीय नेपाली कविताका केही प्रवृत्तिगत वैशिष्टय हुन्। इतिवृत्तात्मकताको प्रयोग, दृष्टिविन्दुको प्रयोग, बिम्ब, प्रतीक र मिथकको प्रयोग, कवितामा नाटकीकरणको प्रयोग, तीन हरफे कविता लेखन आदि शैलीगत नव्यताहरू पनि समकालीन भारतीय नेपाली कवितामा देख्न पाइन्छ। साहित्यकार जहिले पनि समयप्रति सचेत रहने गर्दछन्। साहित्यकारको समय सचेतताद्वारा नै बद्लँदो परिस्थिति र त्यसबाट उत्पन्न मानवीय अनुभूतिलाई औचित्यपूर्ण ढङ्गमा कलात्मक बनाई अभिव्यक्त गरिएको हुन्छ। समकालीन भारतीय नेपाली कवितमा समयचेतना टड्कारो रूपमा देख्न पाइन्छ। यस सन्दर्भमा समकालीन भारतीय नेपाली कवितामा देखिएका विभिन्न भाव एवम् शैलीगत प्रवृत्तिहरूमध्ये समयचेतनाको विश्लेषण प्रस्तुत शोध पत्रको अध्येतव्य विषय रहेको छ।

## २ समय चेतना

समय मानव अनुभवको विषय हो। यसलाई देख्न सकिँदैन, अनुभव मात्र गर्न सकिन्छ। त्यसैले यो एउटा अमूर्त तत्त्व हो। समय स्वयम्मा केही होइन। यसको सम्बन्ध परिवर्तन अर्थात् गतिसँग छ। गतिका कारणले नै कुनै पनि किसिमको परिवर्तन हुन्छ। त्यसैले समय जहिले पनि गतिसँग सम्बद्ध रहेको हुन्छ। गतिका कारणले विघटित हुने घटनालाई समयद्वारा मापन गरिन्छ। गतिद्वारा घटना विघटित हुन अवकासको आवश्यकता पर्दछ। दुई वा दुईभन्दा अधिक वस्तु वा कुराबिच मात्र अवकासको बोध हुन्छ। अतः दुई वा दुईभन्दा अधिक वस्तु वा कुराबिचको अवकासमा घटना विघटन हुँदा अनुभूत हुने तत्त्व विशेष नै समय हो। कुनैपनि घटनाको पूर्ण जानकारी एवम् मापन समय र अवकासलाई संयुक्त बनाएर मात्र प्राप्त हुन सक्दछ। समय र अवकास एक-अर्कासँग जोडिएका छन्। त्यसैले आइन्सटाइनले समय र अवकास भिन्न नभएर एउटै हो भन्ने देखाउँदै यसलाई चौथो आयामका रूपमा हेरेका छन्। उनले समयको स्वरूप चिनाउँदै समय निरपेक्ष नभएर सापेक्षिक हुन्छ भन्ने सिद्ध गरेका छन्। समयलाई वैज्ञानिकहरूले ब्रह्माण्डको प्रारम्भदेखि अन्तसम्म अस्तित्ववान् हुने एउटा तत्त्वका रूपमा हेरेका छन्। दार्शनिकहरूले समयलाई मानव चेतनासँग जोडेर हेरेका छन्। समय बाहिर भौतिक जगत्मा नभएर मान्छेको चेतनामा हुन्छ, त्यसैले चेतनायुक्त मानवले मात्र समय अनुभूत गर्छ भन्ने चर्चा दर्शन जगत्मा पाइन्छ। यसै सन्दर्भमा नित्सेले ‘पशु समय’को चर्चा गरेको देखिन्छ। विज्ञानले समयलाई भौतिक राशि ठानेर चौथो आयामका रूपमा हेरेको छ भने दर्शनले

यसलाई चेतनासँग जोडेर हेरेको छ। कतिपय दार्शनिकहरूले समयको अस्तित्वमाथि शङ्का पनि गरेको देखिन्छ। दार्शनिक ब्राड्लेले समयलाई असत्य ठानेको कुरो पेम्पा तामाङले लेखेका छन्।[१] इन्द्रबहादुर राईले घटना वा कार्यहरूको अनुक्रमज्ञानलाई समय ठानेका छन्। उनले समयको अस्तित्वमाथि शङ्का गरेका छन्। स्टिफन हकिङले समयको रैखिक स्वरूपलाई समयको तीर अवधारणाका माध्यमबाट देखाएका छन्।[२] समयको रेखीय र चक्रीय दुवै स्वरूपको चर्चा बौद्धिक जगत्मा चलेको पाइन्छ। वास्तवमा समय एउटा यस्तो तत्त्व हो जसलाई निश्चित परिभाषाभित्र समेट्न सकिँदैन। यसको वैज्ञानिक र दार्शनिक व्याख्या मात्र सम्भव छ। समय घटनासँग जोडिएको हुनाले घटनाका सन्दर्भमा नै यो अनुभूत हुन्छ। **नेपाली बृहत् शब्दकोश**मा 'घडी, पला, दिनरात, बिहान बेलुकी, गते, तिथि, वार, साता, पक्ष, महिना, ऋतु, अयन, वर्ष, दशक, शताब्दी आदि नामले बुझिने वा तिनको परिणति जनाउने गतिमय अवस्था एवम् कुनै काम वा घटना भएको र विशेष परिस्थिति आइलागेका काल वा बेला' भनेर समयको अर्थ दिइएको छ। समयको वास्तविक अस्तित्व रहे पनि नरहे पनि मान्छेले घटनाहरू र तिनका अनुक्रमज्ञानलाई समय भनेर चिन्दछ, जान्दछ र अनुभूत गर्दछ।

'चेतना' शब्द चित्तसँग सम्बद्ध छ। चेतनाको अर्थ मान्छेमा रहने आन्तरिक ज्ञान हो। प्रयोगात्मक नेपाली शब्दकोशमा 'चेतना'को अर्थ होस, चेत, बोध, बुद्धि, विवेक, संवेदना, अनुभूति आदि दिइएको छ। **नेपाली बृहत् शब्दकोश**ले 'प्राणीमा रहने भित्री ज्ञान, चैतन्य, चेतन' आदि अर्थमा 'चेतना' शब्दलाई अर्थ्याएको छ। यसरी यहाँ उल्लिखित अर्थका आधारमा के भन्न सकिन्छ भने समयबारे मान्छेका भित्री ज्ञान, अनुभूति, बोध वा चेत नै समयचेतना हो। समय फेरि घटनाहरू र तिनका अनुक्रमज्ञानमा नै अनुभूत हुने गर्दछ। त्यसैले व्यक्तिको चालु वर्तमानका विभिन्न घटनाहरू र परिवर्तनहरूलाई अनुभूत वा बोध गरी त्यसको अभिव्यक्ति गर्नु पनि समय चेतना हो। त्यसरी नै कुनै अनुभव, कथ्य वा सूचनालाई श्रोतासम्म पुऱ्याउन घटनाहरूको अनुक्रम व्यवस्थापन गर्नु अर्थात् समय तत्त्वको औचित्यपूर्ण निर्वाह गर्नु पनि समयचेतना नै हो। अतः उपर्युक्त चर्चाबाट के स्पष्ट हुन्छ भने समयको अनुभूति वा समयको बोध वा समयको चेत नै समय चेतना हो।

---

[१] पेम्पा तामाङ, ई सं २०१२, **आख्यानदेखि पराख्यानसम्म**, गान्तोक, जनपक्ष प्रकाशन, पृ ५५

[२] अश्वपति सक्सेना (अनु), ई सं २०१८, **समय का संक्षिप्त इतिहास** , नयाँ दिल्ली, राजकमल प्रकाशन, पृ १४४-५३

## ३ कवितामा समय चेतना

कवितामा कविले आफू बाँचेको समय र त्यस समयका विविध अनुभूतिलाई अभिव्यक्ति दिएको हुन्छ। प्रत्येक कवि आफू बाँचेको समयसँग चिर परिचित हुन्छ। आफ्नो समय र त्यस समयको अनुभवलाई कविले कवितामा पाठकका स्थायीभावलाई रस दशासम्म पुऱ्याउने किसिमले अभिव्यक्त गर्ने प्रयास गरेको हुन्छ। कवितामा समय चेतना दुई रूपमा अभिव्यक्त भएको हुनसक्छ। विषयवस्तु वा भाव र साधन वा उपकरणका रूपमा कवितामा समय चेतना अभिव्यक्त भएको पाइन्छ। विषयवस्तु वा भावका रूपमा पनि समय चेतना दुई प्रकारले अभिव्यक्त हुन सक्ने देखिन्छ- एउटा शुद्ध समयबारे चिन्तन गरेर अर्को चालु वर्तमानका घटनाहरू एवम् परिवर्तनहरूलाई काव्यको विषय बनाएर। उदहारणका रूपमा राजेन्द्र भण्डारीका 'समय बित्दैन'कविता शुद्ध रूपमा समयलाई विषय बनाएर प्रस्तुत गरिएको छ भने वासुदेव पुलामीको 'समयान्तर' कविता सबल्टर्नले शिरउठाएको घटना र सबल्टर्नको अतीतका घटनासँग सम्बद्ध छ। कवितामा समयलाई साधनका रूपमा पनि प्रयोग गरेर रचनाकारले आफ्नो समय चेतना प्रकट गरेको हुनसक्छ। 'आधुनिकतावाददेखि सुरु भएर समय-सन्देही उत्तरआधुनिक युगको यस दलानसम्म पनि समय वा कालतत्त्वको अतिचेतना कविताको वस्तु वा भावका रूपमा मात्र नभई काव्योपकरणकै रूपमा समेत प्रयुक्त रहिआएकै छ जसले कविताको संरचनालाई विशेष तरिकाले रूपायित गरिदिन्छ'[३] भन्ने घनश्याम नेपालको कथनले कवितामा विषयवस्तु वा भाव अनि उपकरणका रूपमा समय चेतना अभिव्यक्त भएको हुन्छ भन्ने कुराको पुष्टि हुँदछ।

समय सापेक्षिक हुन्छ। आइन्सटाइनले यो कुरो सिद्ध गरिदिएका छन्। उनकै सिद्धान्तका आधारमा प्रत्येक व्यक्तिको अलग-अलग समय हुन्छ भन्ने मानिन्छ जसलाई व्यक्तिगत वा बायोलजिकल अथवा मनोवैज्ञानिक समय मानिन्छ। स्टिफन हकिङको ब्रह्माण्डबारे गरिएको चिन्तनका आधारमा समयको एउटा वस्तुगत रूप छ भन्न सकिन्छ। वस्तुगत समय सबैले मान्ने एउटा सामाजिक समय हो जुन सबैका निम्ति एउटै हुन्छ। वस्तुगत समय सस्युरको 'ल्याङ' जस्तै एउटा मानक समय हो। वस्तुगत समय बाहिरको समय हो भने व्यक्तिगत समय आन्तरिक समय हो। एउटै सामाजिक समय र दिक्मा बाँचिरहेका अलग-अलग कविका बेग्ला बेग्लै घडी हुने गर्दछ। त्यसैले

[३] घनश्याम नेपाल, ई सं २०१२, 'समय र शब्दका कविता', वासुदेव पुलामी, **उज्यालोका आँखा**, कालेबुङ, उपमा प्रकाशन, पृ ७-८

प्रत्येक कविले बाहिरी समयप्रति आफ्नो पाठमा बेग्ला बेग्लै ढङ्गले प्रतिक्रिया एवम् अभिव्यञ्जना गर्दछन् भन्ने कुरा राजेश जोशीले 'समकालीनता और साहित्य' पुस्तकमा जनाएका छन्।[४] उनले कविताभित्रको समयलाई बाहिरको समयभन्दा बेग्लै ठानेका छन्। वास्तवमा जसरी साहित्यमा मान्छेका जीवनलाई विशिष्ट रूपमा रूपायित गरी प्रस्तुत गरिएको हुन्छ, त्यसरी नै साहित्यिक पाठ वा कवितामा पनि बाहिरका वस्तुगत समयलाई विशिष्ट रूपमा रूपायित गरिएको हुन्छ। राजेश जोशीका विचारमा कविताभित्रको समय, बाहिरको सामाजिक समयबाट आयात गरिएको समय हो। तर प्रत्येक कविताभित्र विद्यमान हुने समय बाहिरका सामाजिक समयको जस्ताको त्यस्तै अनुकरण चाहिँ होइन। यसरी कविताको समय पुनसिर्जित समय हो भन्ने तथ्यले कवितामा समय उपकरणका रूपमा पनि रहिआएको हुन्छ भन्ने सिद्ध हुँदछ।

यसरी कवितामा विषयवस्तु वा भाव र उपकरणका रूपमा समय चेतना प्रकट हुने देखिन्छ। कवितालाई समय चेतनाका सन्दर्भमा अध्ययन गर्दा विषयवस्तु, भाव वा उपकरण कुन रूपमा समय अनुभव वा समयबोध अभिव्यक्त भएको छ भन्ने कुरालाई समात्नु पर्ने देखिन्छ। प्रस्तुत पत्रमा विषयवस्तु, भाव र उपकरणका सन्दर्भमा नै समकालीन भारतीय नेपाली कविताको समय चेतनालाई उद्घाटित गर्ने प्रयास गरिएको छ।

## ४ समकालीन भारतीय नेपाली कवितामा समय चेतना

साहित्यमा समकालीनताको अवधारणालाई एउटा प्रवाहशील र अस्थिर विचारका रूपमा लिन सकिन्छ। वास्तवमा साहित्यका सन्दर्भमा समकालीनता एउटा विवादास्पद अवधारणाका रूपमा देखिन्छ। 'समकालीनता वास्तवमा अस्थिर एवम् परिवर्तनशील प्रवृत्ति र धारणा हो। यसको समय सीमित हुन्छ र यो एतत्कालीन भएकाले समकालीनताको अस्तित्व वर्तमानमा मात्र हुन्छ'[५] भनेर मोहनराज शर्माले समकालीनतालाई चिनाउने प्रयास गरेको देखिन्छ। लक्ष्मणप्रसाद गौतमले आधुनिक कालखण्डको पछिल्लो कवितालेखनको एउटा प्रवृत्तिसमुच्चय नै नेपाली कविताका सन्दर्भमा समकालीनता हो भनेका छन्। उनले कृतिसापेक्ष र समयसापेक्ष अवधारणाका रूपमा समकालीनतालाई हेरेका छन्। इन्द्रबहादुर राईले 'चालु वर्तमानको अढाईदेखि तीन दशकलाई

[४] राजेश जोशी, ई सं २०१०, **समकालीनता और साहित्य**, नई दिल्ली, राजकमल प्रकाशन, पृ ९४

[५] लक्ष्मणप्रसाद गौतम, वि. सं २०६८, समकालीन नेपाली कविताको विम्बपरक विश्लेषण, काठमाडौँ, साझा प्रकाशन, पृ ५०

समकालीन मान्न सकिन्छ'[६] भन्ने बताएका छन्। प्रत्येक व्यक्तिको जीवन बँचाइको आ-आफ्नो समयकाल अर्थात् आफ्नो आफ्नो समय हुने गर्दछ। त्यसैले राईको कथन बढी उपर्युक्त रहेको प्रतीत हुन्छ। अतः इन्द्रबहादुर राईको विचारलाई आधार बनाएर हेर्दा ई सं १९९० देखि आज २०२० सम्मको समयावधि वा समय-अवकासलाई समकालीन समय मान्न सकिन्छ। अतः आजका सन्दर्भमा ई सं १९९० देखि ई सं २०२० सम्मका भारत भूमिबाट लेखिएका कविताहरू नै समकालीन भारतीय नेपाली कविता हुन्। समकालीन समयमा भारत भूमिबाट कलम चलाउने प्रतिनिधि भारतीय नेपाली कविहरूमा मनप्रसाद सुब्बा, राजेन्द्र भण्डारी, भाम दाहाल, विचन्द्र, पवन चाम्लिङ, प्रवीण राई 'जुमेली', सुधीर छेत्री, नव सापकोटा, अविनाश श्रेष्ठ, नरेशचन्द्र खाती, सञ्जय बान्तवा, केवल चन्द्र लामा, वीणा हाङ्खिम, विन्द्या सुब्बा, जय क्याक्टस, उदय थुलुङ, रेमिका थापा, बासुदेव पुलामी, मनोज बोगटी, कर्ण विरही, महेश दाहाल, कालुसिंह रनपहेंली आदि उल्लेखनीय छन्। समकालीन भारतीय नेपाली कविहरूमध्ये राजेन्द्र भण्डारी, मनप्रसाद सुब्बा, अविनाश श्रेष्ठ, विचन्द्र, वासुदेव पुलामी, नरेशचन्द्र खाती आदि कविहरूको कवितामा समय चेतना टड्कारो रूपमा देख्न पाइन्छ। 'आधुनिक युगका दुई शिखर कविहरू वैरागी काइँला र मोहन कोइरालाका कविताले समयतत्त्वको यस्तो प्रयोगलाई सुस्थापित गरेपछि उत्तरकालीन अविनाश श्रेष्ठ, मनप्रसाद सुब्बा, राजेन्द्र भण्डारी, नरेशचन्द्र खाती, हेम हमाल, दिनेश अधिकारी आदिका कविताले पनि काव्यविषयका साथै काव्योपकरणका रूपमा पनि घरिघरि प्रयोग गर्दै ल्याएको पाइन्छ। कवि वासुले पनि त्यस काव्यिक युक्तिलाई ऋक्थका रूपमा ग्रहण गरेकै छन्'[७] भन्ने घनश्याम नेपालको कथनले यहाँ माथि प्रतिपादन गरेको कथनलाई थप समर्थन प्राप्त हुँदछ। प्रस्तुत पत्रमा इन्द्रबहादुर राईको समकालीनताबारे विचारलाई आधार बनाएर आजका सन्दर्भमा ई सं १९९० देखि २०२० सम्मका भारतभूमिबाट लेखिएका कविताहरूलाई समकालीन भारतीय नेपाली कविता मानिएको छ। यस समयअवधि भित्रका कविताहरूमा टड्कारो रूपमा देखापर्ने एउटा प्रवृत्तिगत वैशिष्टय समय चेतना हो। कविताको विषय र उपकरणका रूपमा समयको प्रयोग समकालीन भारतीय नेपाली कवितामा देख्न पाइन्छ। माथि उल्लिखित घनश्याम नेपालका कथनले यस कुराको पुष्टि पनि हुँदछ। समकालीन

[६] इन्द्रबहादुर राई, ई सं २००१, 'साहित्यिक समकालीनताः शाब्दर्थिक र परिभाषिक', मोहन पी दाहाल र नरेशचन्द्र खाती (सम्पा), **नेपाली अकादमी जर्नल**, वर्ष १, अङ्क १, दार्जिलिङ, विष्ट पब्लिकेसन्स

[७] घनश्याम नेपाल, ई सं २०१२, समय र शब्दका कविता', वासुदेव पुलामी, **उज्यालोका आँखा**, कालेबुङ, उपमा प्रकाशन, पृ ८

भारतीय नेपाली कवितामा पाइने समय चेतना देखाउन यहाँ राजेन्द्र भण्डारी, मनप्रसाद सुब्बा, विचन्द्र, प्रवीण राई 'जुमेली,' राजु प्रधान 'हिमांशु', वासुदेव पुलामी आदिका कविताहरूलाई नमुनास्वरूप विश्लेषण गरिन्छ। यीमध्ये पनि राजेन्द्र भण्डारी र मनप्रसाद सुब्बा समयचेतनाका सफल प्रयोगकर्ता देखिएकाले यी दुईजना कविका कविताको विश्लेषणमा अधिक बल दिइएको छ।

## ४.१ विषयवस्तु वा भावका रूपमा समय चेतना

समकालीन भारतीय नेपाली कविताहरूमध्ये राजेन्द्र भण्डारीका 'समय बित्दैन', 'प्रार्थना', 'नयाँ वर्षको शुभकामना' आदि कविता, मनप्रसाद सुब्बाका 'समय', 'आदिम बस्ती' कविता, राजु प्रधान 'हिमांशु'-को 'काल निर्णय' कविता समयबारे चिन्तन गरिएको अर्थात् समयको स्वरूप, प्रवृत्ति वा अस्तित्वबारे विचार गरिएका कविता हुन्। राजेन्द्र भण्डारीद्वारा रचना गरिएको **शब्दहरूको पुनवार्स** ( ई सं २०१०) कविता सङ्ग्रहमा सङ्ग्रहित 'समय बित्दैन' कविता समयलाई नै प्रतिपाद्य विषय बनाएर लेखिएको पाइन्छ। प्रस्तुत कवितामा समय हुँदैन भन्ने विचारलाई आगमनात्मक ढङ्गमा अभिव्यक्त गरिएको छ। कवितामा 'म' पात्रको बाजे, बोजू, आमा, स्वयम् म पात्र, प्रकृति र पृथ्वी नै बितेको तथ्यलाई दृष्टान्तका रूपमा अघि सारेर कविले पाठका अन्तमा समयको अस्तित्व हुँदैन, त्यसैले यो बित्दैन भन्ने निष्कर्ष निकालेका छन्। प्रस्तुत कविता शुद्ध रूपमा समयलाई विषय बनाएर यसको अस्तित्वमाथि चिन्तन गरिएको एउटा बौद्धिक कविता हो। 'समय बित्दैन' कविता समयलाई विषय बनाएर समय चेतनाप्रकट गरिएको कविता हो भन्ने कुरो कविताको निम्न पङ्क्तिले पुष्टि गर्दछ-

> 'बिरुवा बितेर बोट बितेर फुल बितेर पत्कर बितेर
> बितेर बितेर बितेर
> त्यो वृद्ध इन्द्रकमल पनि धरतीबाट बितेर गयो।
> तर समय बितेको छैन
> समय छँदैछैन
> भए पो बित्थ्यो' (भण्डारी, ई सं २०१०,पृ २७)

यसरी प्रस्तुत कविताले समयलाई आफ्नो वस्तुकेन्द्रका रूपमा वरण गरेको देखिन्छ। अस्तित्ववान् कुराहरू नष्ट भएर वा सकिएर जान्छन्, जसको अस्तित्व हुँदैन त्यो समाप्त हुँदैन। मान्छेले मानिलिएका घटनात्मक समय कहिल्यै समाप्त हुँदैन कारण घटनाहरू अनन्त रूपमा भइरहन्छन्। 'समय' भन्ने कुनै वस्तु नै छैन अर्थात् यसको अस्तित्व छैन। त्यसैले यो बित्ने कुरो पनि आएन भन्ने

कुरालाई नै कवितामा प्रतिपादित गरिएको छ। 'समय हुँदैन' भन्ने राजेन्द्र भण्डारीको अभिप्राप्ति दार्शनिक परम्पराकै अनुसरणझैँ देखिन्छ। पेम्पा तामाङले 'तर यो चिन्तन कविको मौलिक उपलब्धि नभएर दार्शनिक परम्पराकै अनुसरण हो' भनेका छन्। इन्द्रबहादुर राईको 'समय हुँदैन होला', 'घटना र कार्यहरूको अनुक्रमज्ञानलाई नै समय ठानेको'[८] विचारसँग प्रस्तुत 'समय बित्दैन' कविताको समय चिन्तन खापखाँदो देखिन्छ।

राजेन्द्र भण्डारीकै 'नयाँ वर्षको शुभकामना' कवितामा पनि समय चिन्तन पाइन्छ। यस कवितामा समय मान्छेले केवल आफ्नो सुविधाका निम्ति बनाएको एउटा कृत्रिम कुरो हो भन्ने भाव अभिव्यञ्जित पाइन्छ। प्राकृतिक घटनाहरू स्वतः हुने गर्दछन्। प्राकृतिक घटना घटित हुन क्यालेन्डररूपी कृत्रिम समय चाहिँदैन। तर मान्छेले आफ्नो सुविधाका निम्ति समयलाई क्यालेन्डरमा आरोपित गरेको हुन्छ। मान्छेले अनुभूत गर्ने समय निरन्तर सरिरहन्छ। कवितामा समय अनियन्त्रित र अनन्त हुन्छ भन्ने भाव पनि अभिव्यञ्जित भएको प्रतीत हुन्छ। प्रस्तुत कवितामा कविको समय चेतनालाई निम्न पङ्क्तिले वहन गरेको छ-

'रमाउनलाई क्यालेन्डरमा नयाँ तारिख पर्खिरहेको छ मान्छे।
तर क्यालेन्डरका कोठा भत्काउँदै
भागिहिँडेको छ समय।
नयाँ वर्ष नचिनीकन कुदिरहेकै छ टिस्टा।
यो जिरोनियमलाई चाहिँ कति तारिख फुलूँला भन्ने छ कोनि।
सेतै हाँसिरहेका छन् पैयुँका रूखहरू क्यालेन्डर नहेरी।'(भण्डारी, ई सं २०१०, पृ ७१)

यसरी उपर्युक्त पङ्क्तिबाट कविले मानव जीवनको कटु सत्यलाई अभिव्यक्ति दिने क्रममा समयको स्वरूप र प्रकृतिबारे चिन्तन गरेका छन्। त्यसरी नै प्रस्तुत कवितामा व्यक्तिले पर्खने 'नयाँ वर्ष' भनेको शरीरको उमेर अर्थात् जीवनकाल घट्नु हो, पृथ्वी उत्तप्त अवस्थाबाट एक वर्षले चिसिनु हो र मान्छेको आयु कम हुनु हो भन्दै कविले परिवर्तित घटनाका रूपमा नयाँ वर्षलाई हेरेका छन्। प्रस्तुत कवितामा कवि समयबारे यसरी चिन्तन गर्दछन्–

---

[८] इन्द्रबहादुर राई, ई सं २००२, चन्द्रगढी टिप्पणी, कृष्ण धरावासी (सम्पा), **लीला प्रस्तावना**, काठमाडौँ, साझा प्रकाशन, पृ ४३-४४

'नयाँ वर्ष अर्थात्
एउटा पात खस्नु शरीरको पोथ्राबाट
पृथ्वी एक वर्षले चिसिनु
राम्रो थोक केही गरूँला- मा अलिकति धूलो जम्नु।' (भण्डारी, ई सं २०१०, पृ -७०)

यसरी ब्रह्माण्डीय घटना र मानव जीवनका घटनासँग नयाँ वर्षको अवधारणालाई तुलनीय बनाउँदै कविले रूपकात्मक शैलीमा समयबारेको आफ्नो विचार अभिव्यञ्जित गरेको देखिन्छ। राजेन्द्र भण्डारीकृत **शब्दहरूको पुनवार्स** कविता सङ्ग्रहमा सङ्ग्रहित 'प्रार्थना' कवितामा पनि समयलाई वस्तु केन्द्रकारूपमा राखेर समयबारे चिन्तन गरिएको छ। प्रस्तुत कवितामा कविले चराहरू गुँडमा जाने घटना, गाईहरू स्वतः गोठमा जाने घटना, बालक स्वतः मुस्काउने घटना, कोपिलाहरू बिहान फक्रने घटना, बालकले स्तनपान गरिरहेको घटना आदिलाई प्राकृतिक समयका रूपमा हेरेका छन्। यस्ता प्राकृतिक घटनाहरू प्राकृतिक ढङ्गमा नै हुने गर्दछन्, त्यसका निम्ति मिनट, घण्टा, साल, सम्वत् आदिको आवश्यकता पर्दैन भन्दै कविले प्राकृतिक घटनालाई मिनट, घण्टा, साल आदिमा आरोपित गर्नु एउटा कृत्रिम कार्य हो भन्ने भाव अभिव्यक्त गरेका छन्। तिथि, मितिबिना प्राकृतिक रूपमा घट्ने प्राकृतिक घटनाहरूमा समय हुँदैन। त्यस्तै समयहीनता व्यवहारिक जीवनमा पनि चाहन्छन् कवि जुन तलका पङ्क्तिबाट बुझ्न सकिन्छ-

'साल, संवत् तारिखबिनाको
घण्टा, मिनट, सेकेण्डबिनाको
त्यस अनाम निक्खुर समयहीनतामा
लगेर मन्छाऊ न मलाई
पन्छाऊ न मलाई
ए समय।' (भण्डारी, ई सं २०१०, पृ ७३)

यसरी प्रस्तुत कवितामा मानवले ठान्ने घण्टा, मिनट, सेकेण्ड, साल, सम्वत् र तारिखरूपी समयलाई प्राकृतिक घटनाहरूको रूपक सरह देखाउँदै समयलाई घण्टा, मिनट, साल, तारिखमा बाँड्नु कृत्रिम कार्य हो भन्ने भाव व्यक्त गरिएको बुझिन्छ। यसरी राजेन्द्र भण्डारीका यहाँ चर्चित कविताहरूमा समयलाई विषय बनाएर त्यसबारे आफ्नो भाव अभिव्यक्त गरिएकाले समकालीन

भारतीय नेपाली कवितामा विषयका रूपमा समयलाई ग्रहण गरेर समय चेतना प्रकट गरिएको कुरो सिद्ध हुन्छ।

मनप्रसाद सुब्बाद्वारा रचना गरिएको **आदिम बस्ती** कविता सङ्ग्रहमा सङ्ग्रहित 'समय 'शीर्षकको कविता समयलाई विषय बनाएर त्यसबारे चिन्तन गरिएको एउटा बौद्धिक कविता हो। प्रस्तुत कवितामा कविले समयलाई घटना र अघटनाहरूको निरन्तरताका रूपमा हेरेका छन्। पदार्थ सँगसँगै प्रतिपदार्थ (एन्टिमेर) पनि हुन्छ भन्ने वैज्ञानिक अवधारणालाई उनले आधार बनाएर प्रस्तुत कवितामा घटनासँगै अघटनाहरू पनि हुने गर्दछ भन्ने विचार प्रस्तुत गरेको बुझिन्छ। 'आधुनिक भौतिकीहरूले देखाइदिएका यस्तै कुराहरू पनि परोक्षतः **आदिम बस्ती**को रचना संरचनामा सहाय्य बन्न पुगेका छन्'[८] भन्ने मनप्रसाद सुब्बाको स्वीकारोक्तिले यस कुराको पुष्टि हुँदछ। घटना र अघटनाहरूको नैरन्तर्यलाई सुब्बाले समय ठानेका छन्। उनी कवितामा भन्छन्-

'समय-
घटना अनि (अ-घटना)-हरूको अटूट क्रम
नितान्त निरर्थक उकालो-ओह्रालोमा
सिसिफसको अभिशप्त श्रम' (सुब्बा, ई सं २०१२, पृ ३१)

त्यसरी नै प्रस्तुत 'समय' कवितामा समयको अस्तित्वलाई लिएर पनि चिन्तन गरिएको छ जुन कविताका निम्न पङ्क्तिबाट स्पष्ट हुँदछ-

'समय-
अस्तित्वको साम्राज्यमा अनस्तित्वको अत्याचार
प्राप्तिको धरातलमाथि अप्राप्तिको व्याप्ति
उपस्थितिको व्यस्त कार्यालयभित्र
अनुपस्थितिको शासन
एक अस्तित्वहीन सर्वव्यापी शक्ति' (सुब्बा, ई सं २०१२, पृ ३१)

---

[८] मनप्रसाद सुब्बा, ई सं २०१२, **आदिम बस्ती,** दार्जिलिङ, साझा पुस्तक प्रकाशन, पृ १००

यसरी उपर्युक्त पङ्क्तिबाट के स्पष्ट हुन्छ भने समय एउटा अदृश्य अर्थात् अमूर्त तत्त्व हो जुन सर्वत्र व्याप्त छ। नरहेर नै रहने कुरालाई प्रभावित पार्ने एउटा शक्तिशाली लीलामय तत्त्वका रूपमा समयलाई चिनाउने प्रयास मनप्रसाद सुब्बाले उपर्युक्त पङ्क्तिबाट गरेको बुझिन्छ। उपर्युक्त पङ्क्तिलाई हेर्दा के बुझिन्छ भने कवि सुब्बा एकातिर समयको अस्तित्वमाथि शङ्का गर्दै यसलाई नास्तित्व ठान्छन् भने अर्कातिर यसको प्रभावलाई स्वीकार पनि गर्छन्। त्यसैले प्रस्तुत कवितामा कवि एकातिर समयको अस्तित्व छैन भन्छन् भने अर्कातिर ‘सर्वव्यापी शक्ति’ भनेर समयको अस्तित्वलाई पुनः स्थापित पनि गर्न पुग्छन्। अतः ‘छ’ र ‘छैन’ को द्विचरविरोध र अन्योन्याश्रित सम्बन्धका आधारमा रहस्यमय अव्याख्यायित तत्त्व विशेषका रूपमा कवि सुब्बाले समयको स्वरूपलाई उद्घाटित गर्ने प्रयास गरेको बुझिन्छ। माथिका पङ्क्ति हेर्दा सामान्य रूपमा विरोधासभासपूर्ण कथन जस्तो देखिए तापनि समयको रहस्यमयतालाई उद्घाटित गर्न यस्तो अभिव्यक्तिगत परिपाटी अँगालेको प्रतीत हुन्छ।

मनप्रसाद सुब्बाको ‘आदिम बस्ती’ कवितामा पनि समयबारे चिन्तन गरेर समय चेतना प्रकट गरिएको छ। त्रिकालिक समय सन्दर्भमा कविको मान्यता एवम् विचार प्रस्तुत कवितामा अभिव्यक्त भएको छ। उनले कवितामा अनवरत वर्तमान समयमाथि चिन्तन एवम् विचार गरेका छन् जुन कविताका निम्न पङ्क्तिले पुष्टि गर्दछ-

‘गाँठो केलाई नै यो वर्तमान
आदिमताको आङमाथि यो वर्तमानको व्याप्ति
नयाँपनको भ्रम फैलाएर
हिँडिरहन्छ वर्तमान नगएर कतै’(सुब्बा, ई सं २०१२, पृ ६६)

यसरी उपर्युक्त पङ्क्तिका माध्यमबाट कविले अतीत केवल स्मृतिमा मात्र रहने वास्तविक अस्तित्वमा नरहने अनि भविष्य केवल मानसिक भ्रम मात्र रहेको कुरा बताउँदै वास्तविक अस्तित्व केवल वर्तमानको मात्र हुन्छ भन्ने भाव व्यक्त गरेका छन्। उनले विश्वको अनवरत वर्तमानता मानिससित सँधै रहन्छ भन्ने भाव व्यक्त गरेका छन्। उनको उपर्युक्त विचार समयको ‘ए’सिद्धान्तसँग विचारणीय देखिन्छ।

'आदिम बस्ती' कवितामा कवि सुब्बाले वर्तमान समय निरन्तर सरिरहन्छ भन्ने भाव व्यक्त गर्दै वर्तमान समयलाई 'सर्ने अहिले' वा 'मुभिङ नाओ' का रूपमा हेरेका छन् जुन कविताका निम्न पङ्क्तिबाट स्पष्ट हुन्छ-

'बस् नयाँ हुनुको नकल गर्ने
यै अन्तहीन वर्तमान छ, यस बस्तीभरि' (सुब्बा, ई सं २०१०, पृ ६७)

प्रस्तुत कवितामा कविले समय (जसलाई हामी वर्तमानता वा सामयिकताका रूपमा सर्वदा अनुभव गरिरहन्छौँ)-लाई मान्छेका चेतनामा हुन्छ भन्ने ठानेका छन् जुन कविताका निम्न पङ्क्तिबाट स्पष्ट हुन्छ-

'यो वर्तमान/यो सामयिकता
सँधै अङ्गार झैँ छ चेतनाको चुल्हामा
जसको गर्भबाट निस्केर व्याप्त छ
समयको अदृश्य धुवाँ'(सुब्बा, ई सं २०१२, पृ ७१)

प्रस्तुत कवितामा कविले समयलाई चक्रीय स्वीकार्दै समयको अनन्ततालाई अभिव्यञ्जित गरेका छन् जुन कविताका निम्न पङ्क्तिबाट पुष्टि हुन्छ-

'समयको अनन्त यो 0 भित्र
बस् हामीसित हिजोहरू अनि आजहरू छन्
असङ्ख्य आजहरू बिताएका हिजोहरूका रुगरुगे डाँडाहरू
फनफन घुमेका छन् हाम्रा वरिपरि
अपार क्षितिजको घेरा कोरेर' (सुब्बा, ई सं २०१२, पृ ७४)

कविले प्रस्तुत कवितामा वर्तमान मात्र वास्तविक अस्तित्वमा रहने विचार व्यक्त गरेका छन्। प्रस्तुत कवितामा कविले आइन्सटाइनको मान्यता अनुरूप समयलाई चतुर्थ आयामका रूपमा स्वीकार गरेर मान्छेसँग समयको आन्तरिक सम्बन्ध स्थापित गरिदिएका छन् जुन कविताका निम्न पङ्क्तिबाट पुष्टि हुन्छ-

'समयको चतुर्थ आयामिकतामा

आश्चर्य मान्छे किन यत्ति सीमित!
ज्यामितीय आयामिकताभित्र सीमित मान्छे
काल- आयामिकताको कात्रोले बेह्रिएर छ।' (सुब्बा, ई सं २०१२, पृ ७७)

अतीत र वर्तमानको कहिल्यै नसकिने अनन्त खेलका रूपमा कविले समयलाई हेरेका छन् जुन कविताका निम्न पङ्क्तिबाट अभिव्यञ्जित हुन्छ-

'यो आदिम बस्तीको वर्तमानता
वर्तमान मान्छेको आदिमता
यी कुराहरू तर यत्तिकै हुन्
दाह्री बढ्नु- खौरिनुको सामान्यता जस्तै' (सुब्बा, ई सं २०१२, पृ ८१)

'आदिम बस्ती' कवितामा कविले बस्तीमा बस्ने मान्छे अर्थात् बासिन्दालाई नै समयका रूपमा हेरेका छन् जुन कविताका निम्न पङ्क्तिबाट स्पष्ट हुन्छ-

'हजारौँ वर्षको कुरै पनि के
जब कि मानिस स्वयम् यहाँ समय छ
देश यौटा समुद्र छ
त्यसैमा लहरपछि कुदिरहने
मानिस अनवरत समय छ।' (सुब्बा, ई सं २०१२, पृ ८३)

प्रस्तुत कवितामा कविले बस्तीलाई एउटा अवकास र मान्छेलाई समय ठानेर आइन्सटाइनको 'समय-अवकास' (स्पेस-टाइम) को धारणासँग सामञ्जस्य राख्दै मान्छेरूपी समय र बस्ती वा स्थानरूपी अवकासको अन्योन्याश्रित सम्बन्ध देखाउन 'बस्तित्व' शब्द चलाएको प्रतीत हुन्छ। प्रस्तुत कविताको बस्तित्व स्पेस-टाइमको जाल झैँ लाग्दछ। कवितामा कविले समयको अनन्त प्रवाहलाई नै देखाएका छन्। यसरी 'आदिम बस्ती' कविता समय चिन्तनका सन्दर्भमा उल्लेखनीय देखापर्दछ। यहाँ अघि गरिएको चर्चाले प्रस्तुत कवितामा समयचेतना विषयवस्तु वा भावका रूपमा प्रकटित भएको पुष्टि हुन्छ।

कवि विचन्द्रको **शून्य शून्य शून्य** कविता सङ्ग्रहमा सङ्ग्रहित 'समय' कवितामा पनि समय चेतना टड्कारो रूपमा देख्न पाइन्छ। प्रस्तुत कवितामा समयलाई मान्छेका जीवनवृत्तको सापेक्षतामा राखेर हेरिएको छ। कवितामा मान्छेको बुढेसकालको बिम्बात्मक प्रस्तुतीकरण गरेर मानव जीवनवृत्तकै सापेक्षतामा समयको स्वरूप र प्रकृतिलाई नियाल्ने प्रयास गरिएको छ। कवितामा मान्छेका जीवनचक्रको प्रकरणद्वारा समय चेतना प्रकट गरिएको छ।जुन कविताका निम्न  पङ्क्तिबाट स्पष्ट हुन्छ-

'समय आउनेछ एक समय
जब हामी दुई चखेवा- चखेवी
बुढेसकालको लौरो टेक्दै
साँझ-बिहान पुगेको हुनेछौँ' (विचन्द्र, ई सं २००९,पृ १९)

राजु प्रधान 'हिमांशु'को **काल-निर्णय** कविता सङ्ग्रहमा सङ्ग्रहित 'काल-निर्णय' कवितामा भावका रूपमा समय चेतना प्रकट भएको छ। समय खुबै बलवान् हुन्छ र यो सर्वव्यापी शक्ति हो भन्ने भाव यस कवितामा पाइन्छ। समय नै त्यो सत्ता हो जसले विश्वमा अन्तिम निर्णय गर्दछभन्ने भाव कविले यस कवितामा व्यक्त गरेका छन्। समयलाई निर्णायक र परिवर्तनकारी तत्त्वका रूपमा कविले हेरेका छन् जुन कविताका निम्न पङ्क्तिबाट थाहा पाइन्छ-

'विश्वभरि नै अन्तिम हुन्छ काल-निर्णय।
तरवार कलम
कलम तरवार हुन्छ, काल निर्णयमा
मान्छे महात्मा
महात्मा पापी बन्छ काल- निर्णयमा
देवता ढुङ्गा
ढुङ्गा देवता हुन्छ काल- निर्णयमा' (प्रधान, ई सं २००९, पृ १)

यसरी राजु प्रधान 'हिमांशु' समयलाई अध्यात्मवादी दृष्टिकोण अँगालेर हेर्छन्। उनी समयलाई ईश्वरीय तुल्य बनाउँछन्। उनको समय चेतना नियतिवादी दृष्टिकोण वृत्तभित्र अटाउँछ।

वीणा हाङ्गखिमको **अग्निपर्व** कविता सङ्ग्रहमा पनि समयबारे चिन्तन एवम् मनन गरिएको पाइन्छ। उनको'समयका आवाजहरू' कवितामा समयको स्वरूप र प्रकृतिबारे विचार गरिएको छ। समय निरन्तर प्रवाहमान छ र यो असीमित वा अनन्त छ भन्ने विचार प्रस्तुत कवितामा व्यक्त गरिएको छ जुन कविताका निम्न पङ्क्तिले पुष्टि गर्दछ-

'निर्वाध समयको पछ्यौरी समातेर
त्यही समयको काँचुली
एकेक पल सुल्किरहेछ औँलाका काप कापबाट
दुर्दमनीय छ यो असीमित समय।' (हाङ्गखिम, ई सं २०१२, पृ ४४)

यसरी राजेन्द्र भण्डारीको विपरीत वीणा हाङ्गखिम आफ्ना कवितामा समयलाई निरन्तर बगिरहने असीमित सत्ताका रूपमा हेर्छिन्। यहाँ गरिएको चर्चाबाट समकालीन भारतीय नेपाली कवितामा समयलाई वस्तु-केन्द्र र भावका रूपमा ग्रहण गरी समय चेतना प्रकट गरिएको कुरो स्पष्ट हुन्छ।

समकालीन समयमा देखापरेका विभिन्न घटना, विषयवस्तु अथवा नवोदित पक्षहरूलाई काव्यमा विषयवस्तु वा भावका रूपमा अभिव्यक्त गर्दा पनि समयचेतना प्रकटित भएको हुन्छ। समकालीन समयमा देखापरेका विभिन्न घटना तथा पक्षहरूलाई भारतीय नेपाली कवितामा विषयवस्तु वा भावका रूपमा अभिव्यक्त गरिएको पाइन्छ। प्रदूषण, वैज्ञानिकचिन्तन, युद्ध, राष्ट्रिय एवम् अन्तराष्ट्रिय परिवेश, आस्तित्विक सङ्कट, विश्वव्यापीकरण, किनारीकृत कुराहरूको केन्द्रअभिगमन, सामकालिक राजनैतिक, आर्थिक र सामाजिक गतिविधि आदि पक्षहरूलाई समकालीन भारतीय नेपाली कवितामा भाव वा विषयवस्तुका रूपमा अभिव्यक्त गरिएको पाइन्छ। समकालीन वास्तवतालाई कलात्मक रूपमा कविताका माध्यमबाट प्रस्तुतीकरण गरेर समकालीन भारतीय नेपाली कविहरूले आफ्नो समयचेतना प्रकट गरेको देखिन्छ। पुष्ट्याइँका निम्ति यहाँ केही समकालीन भारतीय नेपाली कविताहरूको चर्चा गरिन्छ।

**ऋतु क्यान्भासमा रेखाहरू** (ई सं २००९) कविता सङ्ग्रहमा सङ्ग्रहित 'हिउँदे चिठ्ठी एक कश्मिरी साथीको' कवितामा कश्मिरको समसामयिक समस्या उद्घाटित छ। प्रस्तुत कवितामा

अतीतदेखि आजसम्म कश्मिरले भोगेको र भोग्नु परिरहेको समस्यालाई देखाइएको छ। प्रस्तुत कवितामा कश्मिरको समकालीन समस्यालाई यसरी अभिव्यञ्जित गरिएको छ-

'हजारौं आजहरू गुज्रिसक्यो
तर वही दिन बारम्बार दोहोरिँदैछ
ठण्डा हावाको झोँकासित
बन्दुकहरू वेगले पस्छ गाउँभित्र, घरभित्र
अनि त्यो झोँका अर्को तरफबाट निक्लेर जाँदा
कोइ घर चिहान भइसकेको हुन्छ
गाउँ कब्रिस्तान भइसकेको हुन्छ।
यस्तो दिन हररोज तिमी
समचारमा देख्छौ।' (सुब्बा, ई सं २००९, पृ ७१)

प्रस्तुत कवितामा कवि सुब्बाले शिशिर ऋतुको क्यानभस वा अवकासभित्र कश्मिर समस्यालाई सम्पुटित गरेका छन्। काश्मिरमा सधैँ भइरहने घुसपैठ र आतङ्कवादी अनि सेनाबिच हुने मुठभेडका घटनालाई कवितामा अभिव्यक्त गरेर कविले भावका रूपमा प्रस्तुत कवितामा समय चेतना प्रकट गरेका छन्।

वासुदेव पुलामीको **उज्यालोका आँखा** कविता सङ्ग्रहमा सङ्ग्रहित 'समकालीनता' कविता जातीय अस्मिताको सङ्कटलाई अभिव्यञ्जित गरिएको कविता हो। समकालीन समयमा देखापरेको आस्तित्विक सङ्कटलाई विषयवस्तु बनाएर समयसचेत बन्दै कविले आफ्नो भाव यस कवितामा अभिव्यक्त गरेका छन्। कवितामा कविले समकालीन राजनैतिक गतिविधिलाई पनि व्यक्त गरेका छन् जुन कविताका निम्न पङ्क्तिबाट पुष्टि हुन्छ-

'फ्रस्टेसनदेखि टाढा हुनलाई नै
यिनीहरूले एउटा झन्डा समातेको हो।' (पुलामी, ई सं २०१२, पृ १)

**उज्यालोको आँखा** कविता सङ्ग्रहका ५० प्रतिशत कविता समयतत्त्वप्रति बढी सचेत र त्यसैभित्र समाविष्ट समेत पाइन्छन्'[९] भन्ने घनश्याम नेपालको कथनले पनि वासुदेव पुलामीका कवितामा समयचेतना रहेको कुरा प्रमाणित हुँदछ।

रेमिका थापाको 'भुइँ टेकेर बाँच्नेहरू-१' कवितामा समकालीन समयको सामाजिक यथार्थ प्रस्तुत गरएको छ जुन कविताका निम्न पङ्क्तिबाट स्पष्ट हुन्छ-

'मालिकहरू लन्च र डिनर बुझ्छन्
भोक बुझ्दैनन्
सप्पै थरी ड्रिङ्क्स बुझ्छन्
तिर्खा बुझ्दैनन्
पर्फ्युम बुझ्छन्
पसिना र माटोको गन्ध बुझ्दैनन्।'(थापा, ई सं २०१०, पृ १)

सुधीर छेत्रीको **फेरि अर्को अनुष्टुप** कविता सङ्ग्रहमा सङ्ग्रहित 'युद्धले अचेल हल्ला गर्दैन-१' कविता समकालीन समयका विभिन्न राष्ट्रहरूमाझ चलिरहेको शीत युद्ध अथवा डिजिटल युद्धलाई वस्तु-केन्द्रका रूपमा राखेर लेखिएको छ। समकालीन समयलाई कवितामा अभिव्यञ्जित गराएर कविले आफ्नो समय चेतना प्रकट गरेका छन्।

कवि विचन्द्रकृत **शून्य शून्य शून्य** (ई सं २००९) कविता सङ्ग्रहमा सङ्ग्रहित 'दार्जिलिङमा हिजोआज' कवितामा समकालीन दार्जिलिङको अवस्था देखाइएको छ। प्रस्तुत कवितामा दार्जिलिङको स्थानीय परिवेश नष्ट हुँदै गइरहेको, दार्जिलिङमा अन्य जातिको विस्तार र पूँजीवादको विस्तार भइरहेको घटनाहरूलाई व्यङ्ग्यपूर्ण ढङ्गमा अभिव्यक्त गरिएको छ। कविले दार्जिलिङको समसामयिक स्थितिलाई उद्घाटन गरेर त्यसप्रति आफ्नो चिन्ता पनि व्यक्त गरेका छन्। समकालीन समयको दार्जिलिङलाई कविले दार्जिलिङमा हिजोआज कवितामा यसरी देखाएका छन्-

'दार्जिलिङमा हिजोआज
आफूमूनिका पहाड अनि डाँडाहरूलाई

---

[९] घनश्याम नेपाल, 'समय र शब्दका कविता', पूर्ववत्, पृ ७

हियाउँदै हिमाल कालो हाँस्न थालेको छ।'  (विचन्द्र, ई सं २००९, पृ १५)

कविले दार्जिलिङको वर्तमान स्थितिलाई व्यङ्ग्यात्मक शैलीमा यसरी प्रस्तुत गरेका छन्-

'दार्जिलिङमा हिजोआज
साह्रै- गाह्रो पर्छ ठम्याउन
को हाँसेको छ
को रोएको छ' (विचन्द्र, ई सं २००९, पृ १६)

यसरी दार्जिलिङको समसामयिक स्थितिलाई देखाएर त्यसप्रति आफ्नो चिन्ता व्यक्त गर्दै कवि विचन्द्रले आफ्नो समय चेतना प्रकट गरेका छन्। कवि विचन्द्रले जस्तै राजेन्द्र भण्डारीले पनि 'दार्जिलिङ १९९१' कवितामा दार्जिलिङको  समकालीन यथार्थलाई कवितात्मक वाणी दिएका छन्। उनले दार्जिलिङको समकालीनतालाई यसरी अभिव्यक्त गरेका छन्-

'अचेल दार्जिलिङले दार्जिलिङलाई सपनामा देख्छ।
दार्जिलिङको यादले अचेल दार्जिलिङलाई सताइरहन्छ''  (भण्डारी, ई सं १९९८, पृ ४)

राजेन्द्र भण्डारीकै 'अप्पर डिभिजन क्लर्क  गान्तोक' कवितामा अनेकतामा एकताको स्वर उरालिरहने भारत देशमा वर्तमान समयमा विच्छिन्नतावादी तत्त्वहरू पनि त्यतिकै रहेको तथ्यलाई यसरी देखाइएको छ-

'देशको प्रेसर कुकरमा
अनेकताको सिटी/ कश्मिर
खालिस्तान/ भोट/ नेता/ नेशनल इन्टेग्रिटी''  (भण्डारी,ई सं १९९८, पृ १०)

यसरी समकालीन भारतीय नेपाली कवितामा समकालीन समयका सान्दर्भिक विविध घटना एवम् पक्षहरूलाई विषयवस्तु वा भावका रूपमा अभिव्यक्त गरेर कविहरूले आफ्नो समय चेतना प्रकट गरेको देखिन्छ।

## ४.२ उपकरणका रूपमा समय चेतना

समकालीन भारतीय नेपाली कवितामा भाव वा विषयवस्तुबाहेक कविताको उपकरण वा साधनका रूपमा पनि समयतत्त्वको प्रयोग गरिएको देखिन्छ। कविहरूले आफ्ना अनुभूतिलाई कलात्मक ढङ्गमा अभिव्यक्त गर्न समयतत्त्वप्रति सचेत बन्दै त्यसको सध्येय र सार्थक प्रयोग गरेको पाइन्छ। समकालीन भारतीय नेपाली कवितामा देखापरेको एउटा महत्त्वपूर्ण शैलीगत प्रवृत्ति इतिवृत्तात्मकताको प्रयोग हो। राजेन्द्र भण्डारी, मनप्रसाद सुब्बा, विचन्द्र आदिका कतिपय कवितामा इतिवृत्तात्मकता पाइन्छ। समय इतिवृत्तको एउटा उपकरण हो। इतिवृत्तमूलक पाठमा सङ्कथनगत तारतम्य मिलाउने घटनाहरूको व्यवस्थापन अथवा 'सेटिङ' गर्नुपर्ने हुन्छ। घटनाहरूको 'सेटिङ' गर्दा नै उपकरणरूपी समय तत्त्वको निर्वाह भएको हुन्छ। अतः समकालीन भारतीय नेपाली कविताहरूमध्ये जुन जुन कवितामा इतिवृत्तात्मकता पाइन्छ, त्यहाँ समयतत्त्वको निर्वाह भएको छ।

यहाँ समकालीन भारतीय नेपाली कवितामा उपकरण वा साधनका रूपमा प्रयुक्त समयतत्त्वलाई देखाउन केही कविताहरूको चर्चा गरिन्छ। साध्य र साधन दुवै रूपमा समयतत्त्वप्रति सचेत रहने समकालीन भारतीय नेपाली कविहरूमध्ये राजेन्द्र भण्डारी, मनप्रसाद सुब्बा, विचन्द्र, अविनाश श्रेष्ठ आदिको नाम अग्रपङ्क्तिमा आउँदछ। राजेन्द्र भण्डारीको 'समय बित्दैन' कवितामा समयलाई साध्य र साधन दुवै रूपमा प्रयोग गरिएको छ। 'समय बित्दैन' कविता कथात्मक छ। यसमा घटनाहरूको शृङ्खलाबद्ध विधान गरिएको छ। यस कवितालाई इतिवृत्तमूलक बनाउन घटनाहरूको व्यवस्थापन अर्थात् सेटिङ मिलाइएको छ। अतः घटनाहरूको अनुक्रम व्यवस्थापन गर्ने क्रममा नै प्रस्तुत कवितामा समयतत्त्वको निर्वाह भएको छ। पाठमा 'तल खेतसम्म पनि ओर्लिन नसक्ने भए बाजे' भन्ने वाक्यद्वारा कविले इतिवृत्तको वर्तमानकालिक परिप्रेक्ष्यको निर्माण गरेका छन्। जेरार्द जेनेका शब्दावलीमा यसलाई 'प्रथम इतिवृत्त' भन्न सकिन्छ। प्रस्तुत कवितामा समयको अस्तित्व नरहेको निष्कर्ष निकालिएको छ। यस निष्कर्षसम्म पुग्न कविले कवितामा दृष्टान्त वा तथ्यका रूपमा घटनाहरूको एउटा शृङ्खला स्थापित गरेका छन्। कवितामा 'म' पात्रको बाजे बितेको, बोजु बितेको, आमा बितेको, स्वयम् 'म' पात्रको जवानी बितेको, अन्नबाली बितेको र रुख पात बितेको घटनाहरूलाई एउटा अनुक्रममा प्रस्तुतीकरण गरिएको छ। घटना अनुक्रम निर्माण गर्ने क्रममा नै कविको समय चेतना प्रकट भएको छ। ऐतिहासिक समयका आधारमा प्रस्तुत कविता 'लट्ठी टेक्दै आँगनसम्म जान्थे' भन्ने घटनात्मक पङ्क्तिलाई पहिले प्रस्तुत गर्नुपर्ने हो तर विशेष प्रयोजन एवम्

कलात्मकताको निर्वाहका निम्ति ऐतिहासिक समयानुक्रमलाई भङ्ग गरेर इतिवृत्तात्मक प्रस्तुतीकरण यस प्रकार गरिएको छ-

तल खेतसम्म पनि ओर्लिन नसक्ने भए बाजे
पोहोर लट्ठी टेक्दै आँगनसम्म जान्थे।
यसपालि सिकुवासम्म मात्र जानसक्ने भए।
तीन दिनसम्म ओछ्यान परेर बाजे बिते।
फेरि बित्दै गइन् आमा'(भण्डारी, ई सं २०१०, पृ २६)

यसरी बाजेका प्रसङ्गमा घटनाहरूको वृतान्त दिंदा कथकले बाजे लट्ठी टेक्दै आँगनसम्म जान्थे भन्ने अतीतको घटनालाई पूर्वदीप्ति शैलीमा 'पोहोर' समयवाची निर्देशकको सहायताले प्रस्तुत गरेको देखिन्छ। यसले सङ्कथनगत तारतम्य मिलाउन सहयोग पुऱ्याएको छ। यसरी नै प्रस्तुत कवितामा क्रमैले बाजे, बोजू, आमा र 'म' पात्रको जीवनकाललाई प्रस्तुत गरेर समय छैन भन्ने कथ्यगत निष्कर्षमा पुग्दा प्रस्तुतिगत चेतभित्र समयचेतना कार्यकर रहेको देखिन्छ। अतः प्रस्तुत कवितामा समयको अस्तित्वलाई निरस्त गर्ने क्रममा घटनाहरूको प्रस्तुतिगत परिपाटीमा समय तत्त्वको निर्वाह भएको पाइन्छ।

**शून्य शून्य शून्य** कविता सङ्ग्रहमा सङ्ग्रहित 'एउटा दन्तेकथा गाउँ र गाउँलेको' कवितामा कवि विचन्द्रको समय चेतनालाई उपकरणका रूपमा हेर्न सकिन्छ। अर्थात् प्रस्तुत कवितामा उपकरणका रूपमा समयतत्त्वको प्रयोग गरिएको छ। यो कविता कथात्मक परिपाटिमा लेखिएको छ। घटनाहरूको शृङ्खलाबद्ध अनुक्रमद्वारा प्रस्तुत कविता संरचित छ। इतिवृत्तात्मक पाठमा समयवाची निर्देशकहरू समय व्यवस्थापन अर्थात् 'सेटिङ'का महत्वपूर्ण उपकरण देखापर्दछन्। प्रस्तुत कवितामा पनि 'एकदिन' अनिश्चित समयवाची निर्देशकका माध्यमबाट यसको 'सेटिङ' मिलाइएको छ। कवितामा गाउँको वर्तमान स्थिति देखाउन घटनाहरूको शृङ्खला मिलाएर एउटा कथा कथिएको छ। घटनाहरूको अनुक्रम र अवधिका सन्दर्भमा कविको समय चेतना प्रकट भएको छ। गाउँका सामाजिक वास्तवतालाई देखाउन घटनाहरूको एउटा विशिष्ट अनुक्रम स्थापित गरेर बाहिरका सामाजिक समयभन्दा बेग्लै कविता समय (पाठ समय)-को निर्माण यस कवितात्मक पाठमा गरिएको छ। प्रस्तुत कविताका घटनाहरूको इतिवृत्तगत अनुक्रम यस प्रकार रहेको छ-

१. एक दिन एउटा सहरिया एउटा गाउँ जान्छ।

२. गाउँलेसँग सहरियाको भेट हुन्छ र उसले गाउँको प्रशंसा गर्छ।

३. गाउँलेले सहरको प्रशंसा गर्छ।

४. सहरियाले गाउँसँग सहर र गाउँलेले सहरसँग गाउँ साट्छ।

५. सहरियाले गाउँमा महल बनायो, पर्यटक स्थल बनायो, ठुलो सडक बनायो अनि गाडी कुदायो।

६. गाउँबाट जम्मै गाउँलेहरू भागे, क्रमैले धुप्पीहरू, पैयुँहरू, बाँसघारी, बारीको कान्ला, परेवा, गौँथली, भङ्गेरा जम्मै भागे।

७. सहर पसेको गाउँलेले सबै बेच्यो।

८. एक दिन ऊ फर्किएर गाउँ आयो।

९. उसले गाउँ भेटाएन र गाडी दुर्घटनामा उसको मृत्यु भयो।

१०. उसका मृत्युमा रुने कुनै गाउँ थिएन।

प्रस्तुत कवितामा सहरियाले गाउँ लिए पछि जे जे भयो त्यसको वर्णन ५५ पङ्क्तिको पाठ्य अवकासभित्र पहिले गरेर त्यसपछि गाउँलेले सहर लिएपछि जे जे भयो, त्यसको प्रस्तुतीकरण गरिएको छ। घटना विवरणको समय वा ऐतिहासिक समय सन्दर्भमा गाउँले र सहरियासँग सम्बद्ध घटनाहरू एकैसाथ भएका हुन् तर पाठमा पहिले सहरियासँग सम्बद्ध घटना अनि त्यसपछि गाउँलेसँग सम्बद्ध घटना प्रस्तुत गरिएको छ। यस्तो हुनाका पछाडि भाषाको विन्यासक्रमिक गुण र कविको कलात्मक चेत कार्यकर रहेको बुझिन्छ। उपर्युक्त विवेचनाका आधारमा प्रस्तुत ऐतिहासिक समयको घडेरीमा कवि समय वा पाठ-समयको निर्माण गरिएको स्पष्ट हुन्छ। प्रस्तुत कविताको पाठ समय जेरार्द जेनेका शब्दलाई पैँचो लिएर भन्ने हो भने एउटा छद्म समय (स्युडो टाइम) हो। बहुअर्थीय कथ्य प्रकाशन गराउन र कलात्मक सौन्दर्यको अनुभूति गराउन कवितामा‘अन्य पुरूष’ दृष्टिविन्दुको प्रयोग गर्दै कवि विचन्द्रले घटनाहरूको इतिवृत्त प्रस्तुत गरेका छन्। सहरीकरणको प्रभावले गाउँको अस्मिता सङ्कटमय बनेको कुरो देखाउन प्रस्तुत कवितामा घटनाहरूको एउटा अनुक्रम स्थापना गरिएको छ। इन्द्रबहादुर राईका विचारलाई आधारस्वरूप ग्रहण गर्दा घटना अनुक्रमलाई समय मान्नुपर्ने देखिन्छ। अतः प्रस्तुत कवितामा कवि विचन्द्रले घटना अनुक्रम मिलाएर आफ्नो अनुभूतिलाई अभिव्यक्त गर्दा साधनका रूपमा समय चेतना प्रकट भएको देखिन्छ। प्रस्तुत कविता इतिवृत्तमूलक हुनाले यसमा समय र स्थान अनिवार्य रूपमा पाइन्छ।

'समकालीनता' कवितामा कवि पुलामीले सामकालिक राजनैतिक परिस्थिति र जातीय आस्तित्विक सङ्कटलाई अभिव्यञ्जित गर्न एवम् हाम्रो जातिको निष्क्रिय अवस्थालाई तीव्र संवेदनासँग अभिव्यक्ति दिन'समय' र 'समकालीनता'-को अवधारणाबारे चिन्तन गर्दै त्यसलाई समानान्तर बनाएर हिँडाएका छन्। अतः प्रस्तुत कवितामा समय साध्यका साथसाथै साधनका रूपमा पनि प्रयुक्त भएको छ।

ई सं २००१ मा प्रकाशित कवि मनप्रसाद सुब्बाकृत **ऋतु क्यानभसमा रेखाहरू** कविता सङ्ग्रह समय चेतनाका सन्दर्भमा उल्लेखनीय कृति देखापर्दछ। प्रस्तुत सङ्ग्रहका कविताहरूले मूल रूपमा ऋतुको वर्णन वा चित्रणलाई आफ्नो प्रतिपाद्य विषय बनाएका छैनन्। ऋतु वा कालको समानान्तर मानव जीवन र जीवनका अनुभूतिलाई अभिव्यक्त गरिएका कविताहरू नै यस सङ्ग्रहमा सङ्ग्रहित छन्। 'ऋतुहरूकै कविताचाँहि होइनन् यी तर अनेक ऋतुहरूका टुक्रा टुक्रा क्यानभस मनको इजलमा टाँगेर मैले, उसले र हामीले भोगिरहेको जीवन र समयका ससाना टुक्राहरूलाई अनुभूतिका रङ्ग र रेखाहरूसित उतार्न खोजिएका विशृङ्खल पेन्टिङ्गहरू हुन् यी कविता' भन्ने मनप्रसाद सुब्बाका कथनले यस कुराको पुष्टि पनि हुँदछ। समकालीन समयलाई चित्रित गरिएको कविता हुनाले यसमा समय चेतना रहेको पाइन्छ। प्रस्तुत सङ्ग्रहमा ६ वटा ऋतुहरूको अवकासभित्र मान्छेका जीवन र जीवनका अनुभूतिलाई सामकालिक परिप्रेक्ष्यमा राखेर प्रस्तुत गरिएको छ। प्रस्तुत कविता सङ्ग्रहमा ऋतुहरू एउटा क्यानभस वा रङ्गमञ्च झैँ छन् जहाँ जीवनका विविध पक्ष एवम् आयामहरूको चित्रण तथा नाटकीकरण गरिएको छ। मान्छेको जीवन एवम् सामकालिक सन्दर्भहरूलाई ऋतु क्यानभसमा सम्पुटित गरिएकाले प्रस्तुत सङ्ग्रहमा ऋतु अवकास हो। यसका साथसाथै प्रस्तुत सङ्ग्रहमा उल्लेखित ऋतुहरूले समयचक्रलाई पनि सङ्केत गर्दछन्। 'मनप्रसादका कवितामा ऋतुहरू काल हुन् जसलाई एउटा व्यक्तिले कि त एक जीवनवृत्तभित्र भोग्दछ कि त ऐतिहातिक स्मृतिभित्र भोग्दछ'भन्ने अभि सुवेदीका कथनले प्रस्तुत सङ्ग्रहमा ऋतु समय पनि हो भन्ने स्पष्ट हुँदछ। प्रस्तुत कविता सङ्ग्रहमा रहेका ऋतुहरू एकैसाथ समय र अवकास दुवै हुन् अर्थात् 'स्पेस- टाइम' हुन्। क्रमैले ग्रीष्म, वर्षा, शरद, हेमन्त, शिशिर र वसन्त गरी ६ वटा ऋतुहरूको माध्यमबाट जीवन अनुभवलाई र समकालीन सन्दर्भहरूलाई कवितात्मक वाणी दिइएको छ। ऋतु परिवर्तनको अवधारणामा कवि सुब्बाको समय चेतना अन्तर्निहित रहेको देखिन्छ। प्रस्तुत सङ्ग्रहमा ऋतु, कविका अनुभूतिलाई यथावत् पाठकसम्म पुऱ्याउने 'स्पेस-टाइम'को वस्तुगत सहप्रबन्धक बनेको देखिन्छ। ऋतु वर्णनमा मान्छेको अनुभूतिको विलयन गरी कविले प्रस्तुत सङ्ग्रहमा आफ्नो

समय चेतना अभिव्यक्त गरेकाले यहाँ काव्योपकरणका रूपमा पनि समय तत्त्वको प्रयोग भएको पाइन्छ। 'हेमन्तका आखिरी दिनहरू' कवितामा कविले समय चेतना यसरी प्रकट गरेका छन्-

'दुःखमा समय लम्बिँदै गए झैँ
रातहरू अब तन्किँदै जाँदैछन्
तर रातभन्दा मेरो सपना अझ लामो भइरहेछ
दिन भने हाम्रो अफिसको बाबु जस्तै
ढिलो आएर छिट्टै फर्किन्छ।' ( सुब्बा, ई सं २००९, पृ ६३)

यसरी उपर्युक्त पङ्क्तिद्वारा कविले हेमन्तको समयलाई मान्छेका जीवन अनुभव र सामाजिक यथार्थसँग तुलनीय बनाएर प्रस्तुत गरेका छन्। यसरी ऋतुको क्यानभसरूपी अवकासमा मान्छेका जीवन अनुभवलाई प्रस्तुत गरेर कविले आफ्नो समय चेतना प्रकट गरेका छन्। 'दुःखमा समय लम्बिँदै गए झैँ, रातहरू अब तन्किँदै जाँदैछन्' भनेर कविले आइन्सटाइनको समय सापेक्षिकताको मान्यतालाई स्वीकार्दै समयका मनोगत वा व्यक्तिगत रूपलाई र वस्तुगत रूपलाई एकसाथ प्रस्तुत गर्छन्। यसरी उपर्युक्त पङ्क्तिका आधारमा कवि समयको व्यक्तिगत र वस्तुगत दुवै रूपप्रति सचेत छन् भन्ने स्पष्ट हुँदछ।

**ऋतु क्यानभसमा रेखाहरू** कविता सङ्ग्रहभित्र समय दृष्टिगोचर छ। प्रस्तुत सङ्ग्रहभित्र एउटा कथक पनि छ जुन अभि सुवेदीका दृष्टिमा कालचक्रभित्र चल्ने मानिसको भावनात्मक अनुभूति हो। अभि सुवेदीका विचारमा परिवर्तनशील अर्थ बोकेका ऋतुहरू कविका कालिक चेतना हुन्। 'फेरि अर्को सुरुआतको बीउ' कवितामा कविले समयका निरन्तरता वा ऋतुचक्रलाई अनन्त चक्रका रूपमा हेरेका छन् जुन कविताका निम्न पङ्क्तिले स्पष्ट गर्छ-

'तर अनन्तचक्रमा सुरुआतको अर्को बीउ
सधैँ नै जीवन्त रहन्छ' (सुब्बा, ई सं २००९, पृ १०३)

**ऋतु क्यानभसमा रेखाहरू** कविता सङ्ग्रहमा ऋतुको अवधारणाभित्र काल र दिक्लाई विलयन गराई कवि सुब्बाले समकालीन समय र जीवन अनुभवलाई सौन्दर्यात्मक एवम् कलात्मक ढङ्गमा अभिव्यक्त गरेका छन्। अतः दिवाकर प्रधानको 'कविहरूले दिक् र काललाई गम्भीर,

विशाल र सुन्दर कल्पनाले वर्णन गरेका हुन्छन्'[१०] भन्ने कथन प्रस्तुत कविता सङ्ग्रहमा चरितार्थ हुन जान्छ।

राजेन्द्र भण्डारीको **क्षर-अक्षर** कविता सङ्ग्रहमा सङ्ग्रहित'उनीहरू' कविता इतिवृत्तात्मक छ। घटनाहरूको आयोजनबद्ध एउटा विशिष्ट शृङ्खलाद्वारा यो कविता संरचित छ। जम्मा ९ पङ्क्तिको अवकासभित्र घटनाहरूको सम्पुटन गरिएको छ। प्रस्तुत कवितामा घटनाहरूको इतिवृत्तगत अनुक्रम निम्न प्रकार छ-

१. भङ्गेराहरू मिठोबिहान लिएर आउँछन।
२. म पात्रको हिजो जस्तै स्थिति देखेर भङ्गेराहरू लगत्तै अर्को पोथ्रामा जान्छन्।
३. म पात्र अस्ति जस्तै निष्क्रिय रूपमा कोठामा बसेको छ।
४. म पात्र हिजो जस्तै निष्क्रिय रूपमा कोठामा बसेको छ।
५. म पात्र आज बिहान पनि निराश र निष्क्रिय अवस्थामा कोठामा अलमस्त छ।

यहाँ चर्चित 'उनीहरू' कविता यसप्रकार रहेको छ-

'लौ ल्याइदिएका छौँ एउटा मिठो बिहान तिमीलाई
घरनेर पोथ्रामा आएर भने भँगेराहरूले मलाई
लौ यो त उस्तै छ हिजो जस्तै
भनेर चिर्बिराउँदै गए अर्को पोथ्रामा लगत्तै
म  भने अस्ति जस्तै
हिजो जस्तै
उही उध्रिएको मन लिएर
चिसो बिहानभरी आज पनि
कोठामा अलमस्तै।' (भण्डारी, ई सं १९९८, पृ ३०)

उपर्युक्त इतिवृत्तगत घटना अनुक्रमलाई ऐतिहासिक अनुक्रममा सजाउँदा क्रमैले ३, ४, ५, १ र २ सङ्ख्याक्रमका घटनाहरूको शृङ्खला बनिन्छ। यस तथ्यले के स्पष्ट हुन्छ भने अघि घटेका

[१०] दिवाकर प्रधान, ई सं २०१३, **कविताका कुरा,** गान्तोक, जनपक्ष प्रकाशन, पृ १७१

घटनालाई पछि र पछिका घटनालाई अघि पारेर प्रस्तुत पाठमा एउटा कृत्रिम समयको पुनः सिर्जना गरिएको छ। समकालीन समयको मानवीय मनोदशा र अवस्थालाई सौन्दर्यात्मक ढङ्गमा अभिव्यक्ति गर्न यहाँ घटनाहरूको ऐतिहासिक अनुक्रमलाई विपर्यय बनाएर प्रस्तुत गरिएको छ। घटनाहरूको ऐतिहासिक समयानुक्रमको विपर्ययतामा नै यहाँ समयतत्त्वको निर्वाह हुन गई काव्य उपकरणका रूपमा समय चेतना प्रकट भएको देखिन्छ।

यसरी समकालीन भारतीय नेपाली कवितामा समयतत्त्वको उद्देश्यपूर्ण र सार्थक प्रयोग भएको पनि पाइन्छ। अतः समकालीन भारतीय नेपाली कवितामा, कविताका उपकरणका रूपमा पनि समय चेतना प्रकट भएको देखिन्छ।

## ५ निष्कर्ष

समकालीन भारतीय नेपाली कविता बहुलतावादी देखिन्छ। समकालीन भारतीय नेपाली कविता, अन्य विधाका तुलनामा अधिक सम्पन्न र विस्तारप्राप्त विधा हो। समकालीन भारतीय नेपाली कविता बहुल प्रवृत्तियुक्त छ। ती बहुल प्रवृत्तिहरूमध्ये समय चेतना पनि एउटा हो। समकालीन समयमा समयतत्त्वप्रति सचेत रहेर पनि कविता लेखिएको पाइन्छ। समय चेतना समकालीन भारतीय नेपाली कवितामा पाइने एउटा महत्वपूर्ण प्रवृत्ति एवम् उपलब्धि पनि हो। समकालीन भारतीय नेपाली कवितामा भाव वा विषयवस्तु अनि कविताको उपकरणका रूपमा समय चेतना अभिव्यक्त भएको पाइन्छ। राजेन्द्र भण्डारी, मनप्रसाद सुब्बा, विचन्द्र, अविनाश श्रेष्ठ आदिका कविताहरूमा समय चेतना टड्कारो रूपमा देख्न पाइन्छ।